# जलीय जैविक स्रोत अनुसन्धान कोष
# (Aquatic Bio-Resources Research Fund)
# व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि - २०७८

## १. पृष्ठभूमि

नेपालमा विद्यमान नदीनाला, तालतलैया, प्राकृतिक घोलहरू र अन्य कृत्रिम जलाशयहरु विविध प्रजातिका जलीयजीवहरूको बासस्थान हुन्। जलीय र थलीय वातावरण सन्तुलन कायम राख्दै सीमान्तकृत जनसमुदायको स्वरोजगार एवं जीविकोपार्जनमा योगदान पुर्याउदै आएका जलीयजीवहरूले मानिसको लागि संज्ञानिक, पौष्टिक तथा स्वादिष्ट आहार प्रदान गर्नुका साथै मत्स्य-विनोद र पर्यटन क्षेत्रमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। तथापि, जलीय जीवको अनुसन्धान, संरक्षण एवं प्रवर्ध्दनमा हाम्रो खासै दृष्टि पुग्न सकेको छैन। नेपालको भौगोलिक भू-बनोट र प्राकृतिक जलाशयका क्षेत्रलाई दृष्टिगत गरी स्वदेशी माछाका प्रजातिहरूको अध्यावधिक र वास्तविक तथ्य थाहा भइसकेको छैन। त्यसैले, नेपालका जलीयजीवहरूको थप खोज र अनुसन्धान हुन आवश्यक छ। जलीय जीवहरूको विषयमा वैज्ञानिक जानकारीको कमीले गर्दा उचित संरक्षण, संवर्ध्दन एवं दिगो उपयोग पनि हुन सकेको छैन। यसै तथ्यलाई मध्यनजर गरेर नेपाल मत्स्य समाज अङ्ग्रेजीमा Nepal Fisheries Society (NEFIS) (यस पश्चात नेफिस उल्लेख गरिएको) को विक्रम सम्वत् २०७७ सालको साधारण सभाले "जलीय जैविक स्रोत अनुसन्धान कोष (Aqatic Bio-Resources Research Fund)" को स्थापना गरेकोछ। यस कोषको स्थापना अनुसूची १ मा उल्लेखित नेपाल मत्स्य समाजका सदस्य एवं अन्य सम्बद्ध व्यक्तित्व तथा संघ/संस्थाद्वारा स्वेच्छिक रूपमा प्रदान गरिएको नेफिसलाई प्राप्त आ र्थिक सहयोगबाट भएको हो। यस कोषले दाताहरूबाट थप सहयोग रकम प्राप्त गर्न सक्नेछ। यस कोषको संचालन, व्यवस्थापन तथा कार्यान्वयनको लागि “जलीय जैविक स्रोत अनुसन्धान कोष (Aquatic Bio-Resources Research Fund) व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि —२०७८” तयार गरिएको छ । यस कार्यविधिमा उल्लेख गरिए बमोजिमको व्यवस्था एवं प्रावधान नेफिसको मिति २०७८ साल माघ ८ गते सम्पन्न साधारण सभाबाट पारित भएको निर्णय अनुसार लागु हुने छ। यस कार्यविधिमा समयानुकुल संशोधन एवं थप/घट गर्नु परेमा वार्षिकरूपमा आयोजना हुने नेफिसको साधारण सभाबाट निर्णय गर्न सकिने छ।

## २. कोष स्थापनाको उद्देश्य

यस कोषको मुख्य उद्देश्य नेपालमा जलीय जीवको अनुसन्धान प्रवर्ध्दन गर्नु रहेको छ। जलीय जीवहरू मध्ये माछा, Crustaceans, Mollusks, जलीय कीराहरू, सूक्ष्मजीव ( Plankton) आदिको वर्गीकरण र नामपद्धति ( Taxonomy) सम्बन्धी अध्ययन अनुसन्धानका लागि प्राथमिकता दिईनेछ। यस कोषको स्थापनाबाट मत्स्य र अन्य जलचरहरूको वर्गीकरण, विज्ञान र नामपद्धति सम्बन्धी लगायत अन्य जलीय जैविक स्रोतको अध्ययन अनुसन्धानबाट नेपालको जलीय सम्पदाको संरक्षण र दिगो सदुपयोगमा सघाउ पुग्ने विश्वास गरिएको छ।

## ३. छात्रवृत्ति प्रदान गरिने अनुसन्धान क्षेत्र

जलीय जैविक स्रोत अनुसन्धान कोष (Aquatic Bio-Resources Research Fund) अन्तर्गत छात्रवृत्ति प्रदान गरिने विषयहरू मुख्यतया निम्न प्राथमिकता क्रम अनुसार हुने छन्।

३.१ मत्स्य लगायत घोंघी, सिपी, झिंगेमाछा, गंगटा, जलीय कीरा, शुक्ष्म जीवाणु ( Fish, Mussel, Prawn, Crab, Aquatic Insects, Zoo and Phyto Plankton) को वर्गीकरण (Classification) विज्ञान, नामपद्धति (Taxonomy) सम्बन्धी अध्ययन अनुसन्धान,

३.२ नदी र तालतलैयाका रैथाने तथा प्रवासी वा घुमन्ते माछाको जीवन चक्र, आहारा प्रणाली, पर्यावरण, विषादि तथा बाँधको असरको अनुसन्धान,

३.३ नेपालको स्वदेशी ( Indigenous) वा रैथाने (Endemic) माछा सम्बन्धी अनुसन्धान,

३.४ स्वदेशी जलचरहरूको संरक्षण तथा उत्पादन प्रविधि विकासको लागि अनुसन्धान,

३.५ मत्स्यपालन लगायत जलीय वनस्पति सिंघाडा र मखनाको नामपद्धति, संरक्षण र उत्पादन प्रविधि विकास सम्बन्धी अनुसन्धान,

३.६ नदी र तालतलैया आसपास बसोबास गरी पारम्परिक रूपले माछा समाति जीविकोपार्जन गर्ने पोडे, जलारी, माझी, बोटे, मलाहा, झांगर, मुखिया, राइ/ दनुवार, केवट, सुनाहा, आदि जनजातिहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययन।

## ४. छात्रवृत्तिका लागि सम्भाव्य उम्मेदवार

यस कोषबाट छात्रवृत्ति प्राप्त गर्न चाहेका सम्भाव्य उम्मेदवार नेपाल को कुनै विश्वविधालय वा शिक्षण संस्थामा मत्स्य विज्ञान अन्तर्गत माथि उल्लेखित ३.१ विषयमा एम. एस्सी. /एम. फिल/पिएच. डी. डिग्रीको लागि आंशिक वा पूर्णकालीन अनुसन्धानमा संलग्न रहेको, तर अनुसन्धानका लागि अन्य स्रोतबाट सहयोग प्राप्त नगरेको नेपाली छात्र वा छात्रा हुनु पर्नेछ। जलीयजीवको Taxonomy सम्बन्धी विषयमा आफ्नो शोधपत्र तयारीको लागि अनुसन्धान गर्न इच्छुकले यस छात्रवृत्तिको लागि आवेदन माग गरेको सूचना प्रकाशन भएपछि नेफिस समक्ष आवेदन दिन सक्ने छन्। यस प्रकार इच्छुक उम्मेदवारले आफ्नो आवेदन पेश गर्दा अध्ययनरत संस्थाको सुपरिवेक्षक र विभागीय प्रमुखबाट स्वीकृत अनुसन्धान प्रस्ताव सहित अनुसूची २ अनुसार तोकिएको फर्मेटमा आवेदन फाराम ( Fellowship Application Form) नेफिसको कार्यालयमा आवश्यक कागजात सहित पेश गर्नु पर्ने छ।

यदि बुँदा ३.१ सँग सम्बन्धित विषयमा आवेदन पेश हुन नआएमा वा आवेदकको योग्यता नपुग भएमा प्राथमिकताको आधारमा बुँदा ३.२ देखि ३.६ सम्मको लागि आवेदन माग गरी योग्य छात्र/छात्रालाई छात्रवृत्ति प्रदान गर्न सकिने छ।

## ५. कोषको व्यवस्थापन र छात्रवृत्ति रकम

यस कोषको व्यवस्थापन नेफिसको कार्यकारिणी समिति (का.का.स.) ले यसै कार्यान्वयन कार्यविधिको बुँदा ६ अनुसारको मूल्याङ्कन एवं छनौट समिति गठन गरी गर्नेछ। यस कार्यविधिमा उल्लेख नभएका विषयका सम्बन्धमा नेफिसको का.का.स.बाटै नेपाल मत्स्य समाजको विधानमा उल्लेख भए अनुसार हुनेछ। निर्दिष्ठ रकम जम्मा भए पश्चात उपयुक्त बैंकमा नेपाल मत्स्य समाजको नाममा " जलीय जैविक स्रोत अनुसन्धान अक्षय कोष" खाता खोली जम्मा भएको मूल रकमबाट प्राप्त ब्याज सोही बैंकमा नेपाल मत्स्य समाज ( Nepal Fisheries Society) कै नाममा खोलिएको बचत खातामा जम्मा भएको एक वर्षको जम्मा ब्याज रकमको कम्तीमा २५ प्रतिशत रकम अक्षयकोष थपका लागि छुट्याई बाँकी रकम मध्येबाट अनुसन्धान छात्रवृत्ति प्रदानका लागि इच्छुक शोधकर्ताहरूबाट आवेदन आह्वान गरिने छ। उक्त अक्षय कोष शुरुमा न्युनतम रु. ११,००,०००।- (अक्षरेपी एघार लाख रूपैयाँ मात्र) को वार्षिक ब्याजदरबाट प्राप्त हुने रकमबाट यस कार्यविधिमा उल्लेख भए अनुसार पहिलो बर्ष एकजनालाई बढीमा रू. ५०,०००।- (अक्षरेपी पचास हजार रूपैयाँ) मात्र छात्रवृत्ति प्रदान गरिने छ। यस अक्षय कोषमा रकम सहयोग गर्ने महानुभावहरुको नामावली सहयोग राशी सहित यसै कार्यविधिको अनुसूची १ मा उल्लेख गरिने छ र सो नामावली वर्षको एक पटक अध्यावधिक गरी साधारण सभामा प्रस्तुत गरिने छ।

## ६. आवेदन आह्वान र छनौट प्रकिया

छात्रवृत्ति प्रदान गर्न ३० (तीस) दिनको म्याद राखेर सूचना प्रकाशित गरिने छ। इच्छुक शोधकर्ताले तोकिएको समय भित्र अनुसूची २ अनुसारको फाराम भरी पेश गर्नु पर्ने छ। अनुसूची २ फारमको साथमा अन्य कागजातको साथै छात्रवृत्ति कुन कुन शीर्षक र विषयमा खर्च गरिने हो त्यसको अनुमानित विवरण पनि सँगै पेश गर्नुपर्ने छ। समयसीमा भित्र प्राप्त आवेदनहरूको मूल्याङ्कनका लागि नेफिसको का.का.स.ले तीन सदस्यीय मूल्याङ्कन एवं छनौट समिति गठन गर्नेछ। गठित छनौट समितिले १५ (पन्ध्र) दिन भित्र नेफिसको विधान र यस कार्यविधिको अधिनमा रही मूल्याङ्कनका आधार र प्रकृया तयार गरी सोही आधारमा नेफिसद्वारा आह्वान भए अनुसार प्राप्त अनुसन्धान प्रस्ताव सहितको आवेदनहरु अध्ययन गरी अनुसूची ३ अनुसारको मुल्यांकन फारम समेतको आधारमा योग्य एवं उत्कृष्ट आवेदकलाई छात्रवृत्ति प्रदान गर्न नेफिसको का.का.स. मा अनुमोदनका लागि सिफारिस गर्नेछ। सोही सिफारिसको आधारमा नेफिस का.का.स.को बैठकबाट छात्रवृत्ति प्रदानका लागि निर्णय भएको ७ (सात) दिनभित्र सम्बन्धितलाई लिखित सूचना मार्फत सम्झौताको लागि सूचित गरिने छ। मूल्यांकनको मेरिट लिस्टमा परेका पहिलो उम्मेदवार सम्झौता गर्न नआएमा मेरिट लिस्टमा रहेका दोश्रोलाई वा सो पनि नभए तल्लो क्रममा सम्झौताको लागि सूचित गराई सम्झौता गर्नु पर्नेछ।

## ७. छात्रवृत्ति पाउने अनुसन्धानकर्ताको दायित्व

छात्रवृत्ति प्राप्त सम्बन्धी सूचना पाएको १५ (पन्ध्र) दिन भित्र छात्रवृत्ति पाउने व्यक्तिले नेफिस समक्ष अनुसूची ४ अनुसार सम्झौता गर्नु पर्ने छ। नेपाल मत्स्य समाज र अनुसन्धानकर्ता बिच सम्झौता भईसके पश्चात विषय परिवर्तन वा हेरफेर गर्न पाइने छैन। स्वीकृत छात्रवृत्ति रकम २ (दुइ) किस्तामा प्रदान गरिनेछ। छात्रवृत्तिको पहिलो किस्ता सम्झौता लगत्तै प्रदान हुनेछ भने, अन्तिम किस्ता प्राप्तीका लागि निवेदन सहित अनुसन्धानको अन्तिम प्रतिवेदन (थेसिस) पेश गरेपछि प्रचलित आर्थिक ऐन नियम अनुरूप प्राप्त हुनेछ। यस कार्यविधि संशोधन भएमा सोही अनुसार हुने छ।

## ८. छात्रवृत्ति खारेजी र बचाउ

छात्रवृत्ति पाउने छात्र/छात्राले सम्झौतापत्रमा उल्लेख भए बमोजिम शोधकार्य शुरू गरी समय-सिमाभित्र सम्पन्न गर्नु पर्नेछ। करारनामा अनुसार छात्रवृत्ति प्रदान हुन नसकेमा उक्त रकम छात्रवृत्ति कोषमै रहने र अर्को वर्षको छात्रवृत्तिको लागि उपयोग गरिनेछ। यस कार्यविधिको माथि उल्लेखित बुँदा नं ३ को प्राथमिकता क्रम (३.१ देखि ३.६) भित्र रहेर प्रस्ताव/माग नआएको खण्डमा सो वर्षको छात्रवृत्तिको लागि छुट्याएको रकम आगामी वर्षमा प्रयोग गरिने छ र यसरी कुनै वर्ष छात्रवृत्तिको रकम खर्च नभएमा आगामी वर्ष यसै कार्यविधिको अधिनमा रहेर २ (दुई) जना छात्र/छात्राको लागि छात्रवृत्ति उपलब्ध गराउन सकिने छ। दुई छात्रवृत्ति दिन सकिने अवस्थामा एक छात्रा एक छात्रलाई र एउटा मात्र छात्रवृत्तिको आवेदन मागिएको तर एकभन्दा बढी आवेदन परेको अवस्थामा भने छनौट समितिले उत्कृष्ट ठहर गरेको अनुसन्धान प्रस्ताव र योग्यता पुगेको आवेदकलाई छान्नु पर्नेछ। छात्रवृत्तिका लागि छात्राको आवेदन नपरेमा दुवैमा छात्र वा छात्राको छनौट गर्न सकिने छ ।

-------------------

# अनुसूची १
## जलीय जैविक स्रोत अनुसन्धान कोषमा योगदान गर्नुहुने व्यक्तित्व तथा संघ/संस्थाहरुको विवरण

| क.सं | नाम, थर | संस्था/ठेगाना | सहयोग रकम रु. | सहयोग प्राप्त मिति |
|---|---|---|---|---|
| १ | प्रा.डा. जीवन श्रेष्ठ | नेफिस मानार्थ सदस्य, सानेपा,ललितपुर | ४९,०००.०० | २०७७।११।२९ |
| २ | श्री नेपाल मत्स्य समाज | बालाजु, काठमाडौ | ५१,०००.०० | २०७७।११।२९ |
| ३ | श्री प्रवेश सिंह कुवँर | महासचिव, नेफिस | २५,०००.०० | २०७८।३।१९ |
| ४ | श्री सुभाष कुमार झा | कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।३।२० |
| ५ | प्रा.डा. माधव कुमार श्रेष्ठ | सल्लाहकार एवं पूर्व अध्यक्ष, नेफिस | ५०,०००.०० | २०७८।३।२० |
| ६ | डा.दीप बहादुर स्वार | सल्लाहकार/संस्थापक अध्यक्ष, नेफिस | ५०,०००.०० | २०७८।३।२० |
| ७ | श्री रबिन्द्र कुमार बाटाजू | पूर्व कार्यकारिणी सदस्य, नेफिस | ५०,०००.०० | २०७८।३।२५ |
| ८ | डा.अग्नि प्रसाद नेपाल | सल्लाहकार एवं पूर्व कार्यकारिणी सदस्य, नेफिस | २०,०००.०० | २०७८।४।५ |
| ९ | श्री प्रमोद कुमार रिजाल | अध्यक्ष, नेफिस | २५,०००.०० | २०७८।४।७ |
| १० | श्री सन्तोषी श्रेष्ठ | कोषाध्यक्ष, नेफिस | १५,०००.०० | २०७८।४।२२ |
| ११ | डा.नीता प्रधान | निवर्तमान सचिव, नेफिस | २०,०००.०० | २०७८।४।२२ |
| १२ | श्री राहुल रन्जन | सचिव, नेफिस | १०,०००.०० | २०७८।४।२४ |
| १३ | श्री वैकुण्ठ अधिकारी | उपाध्यक्ष, नेफिस | २५,०००.०० | २०७८।४।२५ |
| १४ | श्री शुक्र कुमार प्रधान | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।४।२६ |
| १५ | श्री सुमित्रा लौडारी | निवर्तमान कोषाध्यक्ष, नेफिस | १०,०००.०० | २०७८।४।२७ |
| १६ | डा.उषा लोहनी | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।४।२७ |
| १७ | डा.अर्चना प्रसाद | निवर्तमान कार्यकारिणी सदस्य, नेफिस | १५,०००.०० | २०७८।४।२७ |
| १८ | श्री रमेश जैसवाल | कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।४।२८ |
| १९ | डा.नारायण पण्डित | निवर्तमान कार्यकारिणी सदस्य, नेफिस | २०,०००.०० | २०७८।४।२९ |
| २० | प्रा.डा. सूर्यरत्न गुभाजु | नेफिस आजीवन सदस्य | १५,०००.०० | २०७८।४।२९ |
| २१ | श्री महेश चन्द गुप्त | नेफिस आजीवन सदस्य | १५,१००.०० | २०७८।४।३० |
| २२ | श्री सितल भट्टराई | कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।४।३१ |
| २३ | डा.सूर्य बहादुर शाही | नेफिस प्रदेश प्रतिनिधी, सुदुरपश्चिम | १०,०००.०० | २०७८।४।३१ |
| २४ | श्री अरूण राणा | एशियाली बिकास बैक, काठमाडौ | १०,०००.०० | २०७८।४।३२ |
| २५ | श्री रबिलाल शर्मा | निवर्तमान कार्यकारिणी सदस्य, नेफिस | २१,०००.०० | २०७८।५।१ |
| २६ | श्री स्वर्णिमा के.सी. | कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।५।१ |
| २७ | श्री युगल किशोर तिवारी | निवर्तमान उपाध्यक्ष, नेफिस | २५,०००.०० | २०७८।५।१ |
| २८ | श्री लक्ष्मी कार्की | म.बि.अ., मत्स्य नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र भैरहवा | १०,१००.०० | २०७८।५।३ |
| २९ | श्री माधब बहादुर पन्थ | संस्थापक सल्लाहकार, नेफिस | २५,०००.०० | २०७८।५।४ |
| ३० | श्री मीरा प्रधान | (नेफिस संस्थापक महासचिव स्व.गगन बहादुर न्हुछें प्रधानको स्मृतिमा) लाजिम्पाट, काठमाडौं | २०,०००.०० | २०७८।५।४ |
| ३१ | श्री नेलशन पोखरेल | नेफिस प्रदेश प्रतिनिधी, प्रदेश १ | १५,०००.०० | २०७८।५।८ |
| ३२ | श्री भागवत प्रसाद | पूर्व कार्यकारिणी सदस्य, नेफिस | २५,०००.०० | २०७८।५।८ |
| ३३ | प्रा.डा. दिलिप कुमार झा | पूर्व कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।५।८ |

| क्र.सं | नाम, थर | संस्था/ठेगाना | सहयोग रकम रु. | सहयोग प्राप्त मिति |
|---|---|---|---|---|
| ३४ | डा.टेक बहादुर गुरूङ्ग | निबर्तमान अध्यक्ष, नेफिस | १५,०००.०० | २०७८।५।९ |
| ३५ | श्री बिजय गोपाल राजबंशी | (नेफिस पूर्व सल्लाहकार स्व. प्राज्ञ कृष्ण गोपाल रावबंशीको स्मृतिमा) बांसबारी, काठमाडौ | २५,०००.०० | २०७८।५।१० |
| ३६ | श्री प्रतुल सरकार | (तत्कालिन मत्स्य बिकास शाखाका प्रमुख स्व. सशांक नारायण सरकारको स्मृतिमा) काठमाडौ | २५,०००.०० | २०७८।५।१० |
| ३७ | श्री केशब गुनी | नेफिस सहसदस्य | १०,०००.०० | २०७८।५।१२ |
| ३८ | श्री सरोज यादव | नेफिस आजीवन सदस्य | १५,०००.०० | २०७८।५।१४ |
| ३९ | प्रा.डा. सुनिला राई | पूर्व कार्यकारिणी सदस्य, नेफिस | २०,०००.०० | २०७८।५।१४ |
| ४० | श्री हिरालाल भुसाल | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।५।१५ |
| ४१ | डा.अरूण प्रसाद बैद्य | नेफिस आजीवन सदस्य | ५०,०००.०० | २०७८।५।१६ |
| ४२ | श्री पूर्ण ढुङ्गाना | पूर्व कार्यकारिणी सदस्य, नेफिस | १५,०००.०० | २०७८।५।१६ |
| ४३ | श्री महेन्द्र भण्डारी | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।५।१८ |
| ४४ | श्री पुरूषोत्तम लाल जोशी | नेफिस आजीवन सदस्य | २०,०००.०० | २०७८।५।२० |
| ४५ | श्री बिकास चन्द श्रेष्ठ | संस्थापक कोषाध्यक्ष, नेफिस | २०,०००.०० | २०७८।५।२० |
| ४६ | श्री धरणी मान सिंह | संस्थापक कार्यकारिणी सदस्य, नेफिस | २०,०००.०० | २०७८।५।२३ |
| ४७ | श्री रमानन्द मिश्र | पूर्व अध्यक्ष, नेफिस | २५,०००.०० | २०७८।५।२७ |
| ४८ | डा.शुभरत्न शाक्य | अमृत साईन्स कलेज, काठमाडौं | १०,०००.०० | २०७८।५।२७ |
| ४९ | श्री मुकुन्द बहादुर थापा | कार्यालय सचिव, नेफिस | ३०,०००.०० | २०७८।५।३० |
| ५० | श्री कमला घर्ती | पूर्व कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।५।३१ |
| ५१ | श्री शुमेर शम्शेर | मत्स्य ह्यायाचरीकर्ता, नेपालगञ्ज | ११,०००.०० | २०७८।६।४ |
| ५२ | डा.रामचन्द्र भुजेल | ए आई टी, थाईल्याण्ड | ४३,०६३.०४ | २०७८।६।५ |
| ५३ | श्री सुरेश कुमार वाग्ले | पूर्व उपाध्यक्ष, नेफिस | २०,०००.०० | २०७८।६।६ |
| ५४ | डा.भोलाराम प्रधान | संस्थापक सल्लाहाकार, नेफिस | १०,०००.०० | २०७८।६।१५ |
| ५५ | श्री गंगाराम प्रधान | नेफिस सहसदस्य | ५,०००.०० | २०७८।६।१५ |
| ५६ | प्रा.डा.आनन्दशोभा ताम्राकार | प्राध्यापक, त्रि.वि.वि.जुलोजी विभाग, किर्तिपुर | १०,०००.०० | २०७८।७।४ |
| ५७ | श्री सचिदानन्द उपाध्याय | नेफिस सदस्य | १०,०००.०० | २०७८।९।६ |
| ५८ | श्री प्रेम तिमलसिना | कार्यकारिणी सदस्य, नेफिस | १०,०००.०० | २०७८।१०।३ |
| ५९ | श्री आशा रायमाझी | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।१०।८ |
| ६० | श्री जयदेब बिष्ट | नेफिस आजीवन सदस्य | ५०,०००.०० | २०७८।१०।९ |
| ६१ | डा. मो. एकवाल हुसैन | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।१०।10 |
| ६२ | श्री इश्वरी सिंह महतो | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७८।१०।१६ |
| ६३ | डा.आश कुमार राई | नेफिस आजीवन सदस्य | २५,१००.०० | २०७८।१०।२० |
| ६४ | डा.ज्ञान बहादुर जिरेल | रा.का.का.सदस्य, नेफिस | १०,०००.०० | २०७९।२।१३ |
| ६५ | श्री अनिता गौतम | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७९।२।२० |
| ६६ | प्रा.डा. भरतराज सुब्बा | नेफिस आजीवन सदस्य | १५,०००.०० | २०७९।३।७ |
| ६७ | श्री नारायण गिरी | नेफिस आजीवन सदस्य | ५१,०००.०० | २०७९।३।९ |
| ६८ | श्री रुची श्रिबास्तव | नेफिस आजीवन सदस्य | १०,०००.०० | २०७९।३।१२ |
| | | **जम्मा** | **१३४७,८६३.०४** | |

# अनुसूची २

## जलीय जैविक स्रोत अनुसन्धान कोष (Aquatic Bio-Resources Research Fund)

## शोधकार्यको छात्रवृत्तिको लागि आवेदन फार्मको नमुना

**१. आवेदकको वैयक्तिक विवरणः**

नाम, थरः ______ वुवा/आमाको नामः ______

स्थायी ठेगानाः

स्थायी ठेगानाः प्रदेशः ______ जिल्लाः ______ गाउँ/नगरपालिकाः ______

वडा नंः ______ गाउँ/टोलः ______

सम्पर्क ठेगानाः ______

मोवाईल नंः ______ इमेलः ______

**२. अध्ययन एवं शोधकार्य सम्बन्धी विवरणः**

शैक्षिक तहः (✓) चिन्ह लगाउनेः ☐ स्नातकोत्तर ☐ विद्यावारिधि

शैक्षिक संस्था/विश्वविद्यालयको नाम तथा संकायः ______

भर्ना भएको सालः ______ हाल कुन सेमेस्टरः ______

शोधकार्यमा संलग्न सुपरभाइजर शिक्षक/ प्राध्यापकको

नाम, थरः ______ पदः ______

सम्बन्धित संकायको विभागीय प्रमुखको नामः ______

अनुसन्धान विषयको शीर्षकः ______

शोधको उद्देश्यः ______

अनुसन्धान शुरू हुने मितिः ______ समापन मितिः ______

**३. आवदेन साथ पेश हुनुपर्ने अन्य जरूरी कागजातः**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख) शोधकार्यमा संलग्न सुपरभाइजर, शिक्षक/प्राध्यापकको सिफारिश पत्र,
ग) शोधकार्यको स्वीकृत प्रस्तावको प्रतिलिपि,
घ) सम्बन्धित संकायको विभागीय प्रमुखको सिफारिश पत्र
ङ) हाल अध्ययनरत तहभन्दा एक तह मुनीको ट्रान्सक्रिप्टको प्रतिलिपि,
च) छात्रवृत्ति रकम खर्च हुने शीर्षक/विषय र खर्च गरिने अनुमानित रकमको विवरण (प्रारम्भिक इष्टीमेट),

**आवदेन पेश गरेको मितिः** **दस्तखतः**

## अनुसूची ३

## छात्रवृति माग गर्ने आवेदकको मूल्यांकन फाराम

यस कार्यविधिको बुँदा नं. ६ मा उल्लेख भएको र अनुसूची २ अनुसार छात्रवृत्ति माग फारम भरेका छात्र/छात्राको मूल्यांकन फाराम तपसिल अनुसार हुनेछ।

**पूर्णांकः १००**

| क.स. | मुल्यांकनका आधार/विवरण | भार-अंक | प्राप्तांक |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता वापतको अंकः (अधिकतम ३०)<br>क) एम फील (M Phil) (३०)<br>ख) स्नातकोत्तर (M Sc) (२५)<br>ग) स्नातक (B Sc) (२०) | ३० | |
| २. | M Phil, M Sc वा B Sc मा प्राप्त ग्रेड वा प्राप्तांक (%) वापतको अंकः (अधिकतम ३०)<br>क) ग्रेड A वा ८०% भन्दा माथि (३०)<br>ख) ग्रेड B वा ६०-७९% (२५)<br>ग) ग्रेड अन्य ६०% भन्दा कम (२०) | ३० | |
| ३. | अनुसन्धान प्रस्तावको विषयः अनुसन्धान प्रस्ताव कोषको उद्देश्य र प्राथमिकतासँग सान्दर्भिकता र मेल खाने वापतको अंकः (अधिकतम १०) | १० | |
| ४. | अनुसन्धान प्रस्तावको स्तर (Quality) वापतको अंकः (अधिकतम १०) | १० | |
| ५. | अनुसन्धान प्रस्ताव प्रस्तुतीकरण र Methodology प्रभावकारीता वापतको अंकः (अधिकतम १५) | १५ | |
| ६. | अनुसूची २ अनुसारको फारम र सम्बन्धित आवश्यक कागजात संलग्न गरेको वापतको अंकः (अधिकतम ५) | ५ | |

## अनुसूची ४

## छात्रवृति प्राप्त गर्ने अनुसन्धानकर्ताको दायित्व

## (सम्झौतापत्र फारामको नमुना)

## <u>करारनामा</u>

....................प्रदेश .......................जिल्ला ..................................... गाउँ/नगरपालिका वडा नं. ....... निवासी श्री ...................................... को छोरा / छो री वर्ष .......... को म................................................ हाल शिक्षण सस्था .................................................... मा ☐स्नातकोत्तर / ☐विद्यावारिधि तहको ............................. मा अध्ययनरत छु। म जलीय जैविक स्रोत अनुसन्धान कोष (Aquatic Bio-Resources Research Fund) बाट पाउने छात्रवृतिको रकम यस कोषको सम्पूर्ण उद्देश्य अनुरूप प्रयोग गर्नेछु। अध्ययन समापन भए पछि थेसिसको एक प्रति र जर्नलमा लेख प्रकाशित भएको अवस्थामा सो लेखको एक प्रति समेत नेफिसमा बुझाउने छु।

दस्तखतः

मितिः २० । ।

| दायाँ | बायाँ |
|---|---|
| | |